बैठक ९१

आज मिति २०७९।०९।२६ गतेका दिन शिवराज नगरपालिकाका नगर प्रमुख श्री अजय थापाज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरू गरियो ।

## उपस्थिति

| | |
|---|---|
| श्री अजय थापा | नगर प्रमुख |
| श्री शिव कुमारी चौधरी | उप प्रमुख |
| श्री खिम विक्रम के.सी. | वडाध्यक्ष |
| श्री राम बहादुर चौधरी | वडाध्यक्ष |
| श्री टेकलाल सापकोटा | वडाध्यक्ष |
| श्री नसिम अहमद खाँ | वडाध्यक्ष |
| श्री नेत्र प्रसाद बेल्वासे | वडाध्यक्ष |
| श्री माहेताव आलम खाँ | वडाध्यक्ष |
| श्री अनुप कुमार चौधरी | वडाध्यक्ष |
| श्री रिजवान अहमद | वडाध्यक्ष |
| श्री राम गोपाल चौधरी (थारु) | वडाध्यक्ष |
| श्री मन्जु मिश्र | वडाध्यक्ष |
| श्री रमेश्वर प्रसाद वर्मा | वडाध्यक्ष |
| श्री बुद्धिकला भण्डारी | सदस्य |
| श्री गंगा घर्ती मगर | सदस्य |
| श्री विष्णु कुँवर पाण्डे | सदस्य |
| श्री हेवान्चली चमार | सदस्य |
| श्री खगी सुनार | सदस्य |
| श्री सन्त कुमार धोवी | सदस्य |
| श्री प्रेम बहादुर सुनार | सदस्य |
| श्री सिमरन वि.क. | सदस्य |
| श्री राकेश पाण्डे | सदस्य-सचिव |

बैठक मिति :२०७९।०९।२६

निर्णयहरु :

१.विभिन्न विधेयकहरु सम्वन्धमा ।

विधेयक समितिबाट पेश भई आएका देहायबमोजिमका विधेयकहरुको मस्यौदामा छलफल गरियो र उल्लेखित विधेयकहरुमा आवश्यक केही संसोधन सहित पारित गरी स्वीकृतीको लागि आगामी १२ औँ नगरसभामा पेश गर्ने निर्णय गरियो।

क. विनियोजन ऐन,२०७९ लाई संसोधन गर्न बनेको विधेयक,२०७९
ख. आर्थिक ऐन,२०७९ लाई संसोधन गर्न बनेको विधेयक,२०७९
ग. शिवराज नगरपालिकाको नगर प्रहरी विधेयक,२०७९
घ. शिवराज नगरपालिकाको खानेपानी,सरसफाई तथा स्वच्छता विधेयक,२०७९
ङ. शिवराज नगरपालिकाको अनिवार्य तथा निःशुल्क कार्यान्वयन गर्न बनेको विधेयक,२०७९

२.विभिन्न नियमावली सम्वन्धमा ।

नगरसभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न विधेयक समितिबाट पेश भई आएका देहायबमोजिमका नियमावलीको मस्यौदामा छलफल गरी पारित गरियो । साथै उल्लेखित नियमावलीहरु स्वीकृतीको लागि आगामी १२ औँ नगरसभामा पेश गर्ने निर्णय गरियो ।

क. विधायन समिति गठन तथा सञ्चालन नियमावली,२०७९
ख. सुशासन समिति गठन तथा सञ्चालन नियमावली,२०७९
ग. लेखा समिति गठन तथा सञ्चालन नियमावली,२०७९

३.रणनिती,कार्ययोजना,आधार र मापदण्ड सम्वन्धमा ।

विधेयक समितिबाट पेश भई आएको बालविवाह अन्त्यका लागि शिवराज नगरपालिकाको रणनिती तथा कार्ययोजना,२०७९(२०७९-२०८९) मा छलफल गरियो। छलफल पश्चात उक्त रणनिती तथा कार्ययोजना पारित गरी लागू गर्ने निर्णय गरियो ।

भू-उपयोग कार्यान्वयन समिति र भू-उपयोग परिषदबाट पारित भई आएको भू-उपयोग क्षेत्र वर्गिकरण सम्वन्धि मापदण्ड तथा आधारहरु,२०७९ पारित गर्ने निर्णय गरियो ।

४.संगठन संरचना(संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन) सम्वन्धमा ।

सेवा परामर्शको माध्यमद्धारा तयार भई सुशासन तथा संस्थागत विकास समितिबाट पारित भई आएको शिवराज नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन,२०७९ मा छलफल गरियो ।उक्त संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गरी लागू गर्न आगामी १२ औँ नगरसभामा पेश गर्ने निर्णय गरियो ।

५.राष्ट्रिय योजना आयोगमा माग गर्ने योजनाहरु सम्वन्धमा ।

आगामी आर्थिक वर्ष २०८०।०८१ को लागि राष्ट्रिय योजना आयोगसँग देहायबमोजिमका संघीय समपूरक अनुदान र विशेष अनुदानका योजनाहरु माग गर्ने निर्णय गरियो ।

राकेश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

अजय थापा
नगर प्रमुख

समपूरक अनुदान अन्तर्गत माग गर्ने योजनाहरु :

१.अधुरो शिवराज रिङ्गरोड (करहिया-भदौखर खण्ड र भदौखर-बालापुर खण्ड)

विशेष अनुदान अन्तर्गत माग गर्ने योजनाहरु:

१. सुरही सिंचाई आयोजना (वडा नं.१,२ र ८)
२. जवई सिंचाई आयोजना (वडा नं.१,३,४,५र ११)
३. अधुरो थारु संग्राहलय निर्माण (वडा नं.१)
४. खैरीताल सौन्दर्यकरण (वडा नं.५)
५. डिउहार निर्माण (नगर क्षेत्र भरी)

**६.राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा नपुग रकम सम्वन्धमा ।**

चालु आर्थिक वर्ष २०७९।०८० को राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत छनौट भएका यस पालिकाका निम्नानुसारका विध्यालहरुमा विध्यालय भवन निर्माणको लागि रकम अपुग हुने देखिएकोले आगामी नगरसभाबाट बजेट व्यवस्थापन गरी अर्को आर्थिक वर्षमा नै भुक्तानी दिने गरी देहायबमोजिमको रकम थप गरी उपभोक्ता समिति मार्फत निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो ।

| क्र.सं. | विध्यालयको नाम | ठेगाना | निर्माण गरिने भवन | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विनियोजित रकम | नगरपालिकाबाट थप गर्ने रकम |
|---|---|---|---|---|---|
| १. | श्री सरस्वती माध्यमिक विध्यालय | वडा नं:९ | ४ कोठे | ४५,००,०००।- | १४,००,०००। |
| २. | श्री नेपाल राष्ट्रिय आधारभुत विध्यालय | वडा नं.१० | २ कोठे | २२,५०,०००।- | ७,००,०००। |

**७. गत आ.व.को अन्तिम लेखापरिक्षण प्रतिवेदन सम्वन्धमा ।**

शिवराज नगरपालिकाको गत आर्थिक वर्षको आय-व्ययको अन्तिम लेखापरिक्षण गर्ने कार्य सम्पन्न भई महालेखापरिक्षकको कार्यालयबाट प्रारम्भिक प्रतिवेदन प्राप्त भएकोमा उक्त प्रतिवेदमा छलफल गरियो र प्रतिवेदनले दिएका सुझावहरुलाई नगरपालिकाको कार्य सञ्चालन प्रकृयामा अवलम्वन गर्दै प्रतिवेदनले औंल्याएका बेरुजुहरुलाई बेरुजुको प्रकृती हेरी प्रमाण कागजात पेश गर्ने तथा सैद्धान्तिक प्रकृतिका बेरुजुलाई सम्वन्धित समितिमा दफावार छलफल गरी सभाको निर्णय सहित सम्परिक्षणको लागी अनुरोध गर्ने र असुल उपर गर्नु पर्ने बेरुजुलाई असुल गरी बेरुजु रकम दाखिला गर्ने गराउने निर्णय गरियो।

**८.विधायन, सुशासन र लेखा समिति सम्वन्धमा ।**

नगर सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न नगरसभाबाट संयोजक सहित ३/३ जना सदस्य रहने गरी विधायन,सुशासन र लेखा समिति गठन गर्न आगामी १२ औं नगरसभामा प्रस्ताव लैजाने निर्णय गरियो ।

बैठक मिति :२०७९।०९।२६

**९.खोला ठेक्का बन्दोवस्त सम्वन्धमा ।**

प्रारम्भिक वातावरणिय परिक्षको आधारमा शिवराज नगरपालिका क्षेत्रभित्रका खोला ठेक्का बन्दोवस्त सम्वन्धमा मिति २०७९।०९।१९ गते नगर प्रमुखज्यूको अध्यक्षतामा बसेको वडा अध्यक्षहरु सम्मिलित बैठकले गरेको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**१०.हाल सम्मको भुक्तानी खर्च अनुमोदन सम्वन्धमा ।**

यस नगरपालिकाको कार्यालयबाट चालु आ.व.२०७९।०८० को हाल सम्म भएका सम्पूर्ण पूर्वाधार निर्माण आयोजना /कार्यक्रम सहित हाल सम्म भएको सवै भुक्तानी खर्चको रकम अनुमोदन गर्ने निर्णय गरियो ।

**११.स्थानीय विषयको पाठ्यक्रम सम्वन्धमा ।**

स्थानीय विषयको पाठ्यक्रम निर्माणको लागि शिवराज नगरपालिकाको नगर शिक्षा समितिले गठन गरेको कार्यदलले सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया गरी स्थानीय विषयको पाठ्यक्रम(आधारभुत तह कक्षा १-८) हाम्रो शिवराज निर्माण कार्य सम्पन्न गरेकोले उक्त पाठ्यक्रमलाई शैक्षिक सत्र २०७९ मा परिक्षणको रुपमा र शैक्षिक सत्र २०८० देखि पूर्ण रुपमा लागू गर्ने निर्णय गरियो।

निर्णय प्रमाणित

राकेश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

आजय थापा
नगर प्रमुख